REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 24.09.2026

## *सिक्किम सरकारको आयुष विभागले "स्वस्थ भोलिको लागि आयुर्वेद" विषयमा राज्यस्तरीय सीएमई आयोजना गर्‍यो*

सिक्किम सरकारको आयुष विभागले हिजो 11 औं आयुर्वेद दिवसको अवसरमा "स्वस्थ भोलिको लागि आयुर्वेद" भन्ने विषयवस्तुमा आधारित राज्यस्तरीय निरन्तर चिकित्सा शिक्षा CME कार्यक्रम आयोजना गर्‍यो। जसमा आयुर्वेद विभाग अन्तर्गत सिक्किमका विभिन्न भागका आयुर्वेद चिकित्सकहरू उपस्थित थिए। क्षेत्रीय आयुर्वेद अनुसन्धान संस्थान, RARI, तादोंगका स्रोत व्यक्तिहरूसँगै विभागका विशेष सचिव, निर्देशक, अतिरिक्त निर्देशक, अधिकारीहरू कर्मचारीहरू पनि उपस्थित थिए। आफ्नो सम्बोधनमा, आयुष विभागका सल्लाहकार, एक. के. घतानीले राज्यमा आयुर्वेदलाई सुदृढ पार्न सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङको निरन्तर सहयोग र दृष्टिकोणको लागि कृतज्ञता व्यक्त गरे।

## *क्षेत्र निर्देशक,* Special Olympics Bharat, *सिक्किम च्याप्टर ले, नयाँ दिल्लीमा हुने वार्षिक साधारण सभामा भाग लिँदैछन्*

क्षेत्र निर्देशक जी.सी. खनालको नेतृत्वमा Special Olympics Bharat, सिक्किम च्याप्टर, 23 देखि 25 सेप्टेम्बर सम्म नयाँ दिल्लीमा भई रहेको वार्षिक साधारण सभामा भाग लिईरहेको छ। सिक्किम च्याप्टरको वार्षिक प्रतिवेदन अध्यक्ष डा. मल्लिका नड्डाद्वारा जारी गरिएको थियो। उनले खेलकुद मार्फत बौद्धिक र विकासात्मक अपाङ्गता भएका व्यक्तिहरुलाई सशक्त बनाउने सिक्किमको प्रयासको प्रशंसा गर्दै निरन्तर सहयोगको आश्वासन दिइन्। सुश्री नड्डाले फेब्रुअरी 2027 मा गान्तोकमा हुने पूर्वोत्तर-विशिष्ट कार्यक्रमका लागि पनि सहमति जनाइन ।

## *मंगन जिल्ला प्रहरीले पर्यटकीय मौसम अगाडि ट्राफिक व्यवस्थापन र सडक सुरक्षा मुद्दाहरुको समीक्षा गर्‍यो*

मंगनका प्रहरी उपरीक्षक्र रिन्जिङ चोपेल राईले आगामी पर्यटकीय मौसम अगाडि तयारी र ट्राफिक व्यवस्थापन व्यवस्थाको मूल्याङ्कन गर्न लाचुङ प्रहरी चौकी/चेकपोस्ट, युमेसमदोङ्ग प्रहरी चौकी र Zero Point को स्थलगत भ्रमण गरे। यस क्रममा, RAP र PAP को कडा

प्रमाणीकरण, तोकिएको पर्यटकीय सवारी साधनको समयको पालना, अन्तर-एजेन्सी समन्वय र स्पष्ट आपतकालीन सञ्चार प्रोटोकलमा जोड दिइएको थियो। टोलीले OC 115 GREF, लाचुङ, अतुल भारद्वाजसँग विशेष गरी जोखिमपूर्ण र भीडभाड भएका खण्डहरूमा यात्रु र पर्यटक सुरक्षामा ध्यान केन्द्रित गर्दै समन्वय बैठक पनि गर्यो। सुरक्षा संकेत र रिफ्लेक्टरहरू स्थापना गर्ने र भीडभाड कम गर्न लाचुङको Zero Pointमा ट्राफिक पार्किङ ठाउँ विस्तार गर्ने बारेमा पनि छलफल गरियो। यसअघि, एसपी मंगनले चुङथाङस्थित 11औं भारत तिब्बत सीमा पुलिसका कमाण्डिङ अफिसर देवनाथ रेलाई भेटेर आपतकालीन अवस्थामा अन्तर-एजेन्सी समन्वयलाई सुदृढ पार्ने बारेमा छलफल गरे।

GBPNIHE, SRC *सँगको सहकार्यमा सिक्किम हिमालयन क्षेत्रीय गान्तोकमा* BSI *ले दुई दिने प्रशिक्षण कार्यक्रम आयोजना गरेको छ*

सिक्किममा, "विभिन्न पारिस्थितिक उपकरणहरू प्रयोग गरेर अधिक उचाइमा बिरुवा पहिचान, हर्बेरियम प्रविधि र जलवायु परिवर्तनको प्रभाव" सम्बन्धी दुई दिने प्रशिक्षण कार्यक्रम सिक्किम हिमाली क्षेत्रीय केन्द्र, गान्तोकको भारतीय वनस्पति सर्वेक्षण भारतीय, BSI द्वारा गोविन्द बल्लभ पन्त राष्ट्रिय हिमाली पर्यावरण संस्थान, GBPNIHE सिक्किम क्षेत्रीय केन्द्र, SRCको सहकार्यमा आयोजना गरिएको छ। उद्घाटन सत्रमा, आज BSI का कार्यालय प्रमुख डा. राजीब गोगोईले आज  कार्यक्रममा उपस्थित विशिष्ट व्यक्तिहरुलाई स्वागत र अभिनन्दन गरे। सिक्किम विश्वविद्यालयका प्रो. निलादी बाग, वन संरक्षक, एन. जसवन्त, GBPNIHE का प्रभारी तथा वैज्ञानिक साथै क्षेत्रीय प्रमुख राजेश जोशी, स्पाइस बोर्डका डा. टी.एन. डेका र डा. एस.एस. बोराले उद्घाटन कार्यक्रममा भाग लिए। 30 भन्दा बढी सहभागीहरूले कार्यक्रममा भाग लिएका छन्।

*सिक्किमभरि बढ्दो वर्षाको अपेक्षा*

मौसम विज्ञान केन्द्र, गान्तोकले बङ्गालको खाडीबाट आएको आर्द्रताका कारण आजदेखि लिएर भोलिसम्म सिक्किमभरि वर्षाको गतिविधि बढ्ने पूर्वानुमान गरेको छ। धेरैजसो ठाउँमा हल्कादेखि मध्यम वर्षा हुने सम्भावना छ। आज, गेजिंग, नाम्ची र सोरेङका लागि Orange Alert जारी गरिएको छ भने, गान्तोक, मङ्गन र पाकिम Yellow Alert अन्तर्गत छन्। भोलि,

25 सेप्टेम्बरका लागि सबै छ जिल्ला, Yellow Alert अन्तर्गत छन् । भारी वर्षाले जलभराव हुन सक्ने, पहिरो जाने र अचानक बाढी आउने सम्भावना छ।

*स्वास्थ्य र स्वच्छता जागरूकता कार्यक्रम*

पश्चिम सिक्किमको सोरेडस्थित पीएमश्री सरकारी वरिष्ठ माध्यमिक विद्यालयमा आज MY भारत केन्द्रद्वारा सार्थक स्वास्थ्य र स्वच्छता जागरूकता कार्यक्रम आयोजना गरिएको थियो।